सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# पुस मसान्त सम्मको प्रगति विवरण

(PROACTIVE DISCLOSURE)

## आ.व. २०८१/०८२ (२०८१ श्रावण - २०८१ पुस मसान्त सम्म)



जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय,

नवलपरासी (ब.सु.पू.)

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम यस डिभिजन कार्यालयबाट प्रवाह भएका सेवाहरु सोही ऐनको दफा ५ (४) बमोजिम देहाय अनुसार प्रकाशन गरिएको छ ।

## क) जिल्ला को परिचय

नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने ११ वटा जिल्ला मध्येको एक जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हो । नेपालको संविधान (२०७२) मा साविकको नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामाकरण भै छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए बमोजिम भएको छ ।

## जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को संक्षिप्त परिचय

नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने ११ वटा जिल्ला मध्येको एक जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हो। नेपालको संविधान (२०७२) मा साविकको नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामाकरण भै छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए बमोजिम मिति २०७५।०६।८ गते तत्कालिन गण्डकी प्रदेशका भौतिक पूर्वाधार मन्त्री रामशरण महत ज्यूबाट उद्घाटन भए देखि जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को नामबाट कार्यालय संचालन भै आएको छ । यसका मुख्य उद्देश्यहरु नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने, निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत सम्भार एवं व्यवस्थापन गर्ने, नदी एवं खोलाहरुको कटान रोकथाम र आपतकालीन बाढी पहिरोको संरक्षण तथा न्यूनीकरण सम्बन्धी कार्य गर्ने र सिंचाई तथा नदि नियन्त्रण सम्बन्धी प्राविधिक ज्ञान उपलब्ध गराउने ।

### भूगोल:

- सीमाना: पूर्व: चितवन जिल्ला; पश्चिम: नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला; उत्तर: पालपा र तनहुँ जिल्ला; दक्षिण: चितवन र भारतको विहार प्रदेश पर्दछ।
- क्षेत्रफल: १,३३१.१६ वर्ग कि.मी.
- भारतसँग जोडिएको सीमाको लम्वाई: नारायणी नदि करिव ३ कि.मि.
- सबै भन्दा अग्लो भू-भाग: समुन्द्री सतहबाट १९३६ मिटर (देवचुली)
- कृषियोग्य जमिन: ४३८९७ हेक्टर
- वनजंगलले ढाकेको क्षेत्र: ५८.४९%
- मुख्य नदी: कालीगण्डकी र नारायणी
- प्रमुख खोलानाला: झरही खोला, केरुङ्गे खोला, गिरुवारी खोला, विनयी खोला, अरुणखोला
- प्रमुख ताल: पोखरी ताल र टरुवा ताल
- मुख्य धार्मिक, पर्यटकीय र ऐतिहासिक स्थलहरु: दाउन्ने देवी मन्दिर, मौलाकालीका मन्दिर, गजेन्द्र मोक्ष्यधाम, शास्वतधाम, अकलादेवी मन्दिर, घुमारीघाट, लोसेधारा, महाराजाथान, सिख्रौली घाट, उन्नति कल्चरल भिलेज हर्कपुर, धौवादी, देवचुली डाँडा, अमलटारी होमस्टे, प्रिप्रहर होमस्टे


इञ्जिनियर

__ख) यस डिभिजन कार्यालयको काम, कर्तव्य र अधिकारः__

- नवपरासी (बर्दघाट, सुस्ता पूर्व) जिल्लाको कृषियोग्य जमिनमा सिंचाइको लागि पानी उपलब्ध गराई कृषि उत्पादन बृद्धि गर्न सहयोग पुऱ्याउने साथै नदी नियन्त्रण सम्बन्धी काम गर्ने ।

__ग) जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को संगठन संरचना र दरबन्दी तेरिज__

__*अ. संगठन संरचना*__




इन्जिनियर

*आ. दरबन्दी तेरिज*

अनुसूची ४.१.६

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

**जलस्रोत तथा सिंचाई विकास डिभिजन, नवलपुर**

| क्र.स. | पद | सेवा | समूह | उप समूह | श्रेणी / तह | स्वीकृत दरवन्दी | पदपूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सि.डि.ई. | ईन्जिनियरिङ | सिभिल | इरिगेशन | नवौ/दशौ | १ | १ | | |
| २ | ईन्जिनियर | ईन्जिनियरिङ | सिभिल | इरिगेशन | सातौ/आठौ | २ | २ | | |
| ३ | सहायक/अधिकृत | प्रशासन | सामान्य प्रशासन | - | पाचौ/छैटौ | १ | ० | | |
| ४ | सहायक/अधिकृत | प्रशासन (लेखा) | प्रशासन (लेखा) | - | पाचौ/छैटौ | १ | १ | | |
| ५ | सब-इन्जिनियर/अधिकृत | ईन्जिनियरिङ | सिभिल | इरिगेशन | पाचौ/छैटौ | ४ | ४ | | |
| ६ | एशोसियसन अर्गनाइजर | ईन्जिनियरिङ | एगृ इरिगेसन | - | चौथो/पाचौ | | १* | | फाजिल |
| ७ | ह.स.चा. | प्रशासन | सामान्य प्रशासन | - | श्रेणीविहिन | १ | १ | | |
| ८ | का.स. | प्रशासन | सामान्य प्रशासन | - | श्रेणीविहिन | २ | २ | | |
| | | | | | जम्मा | १२ | १२* | | |

* एसोसियसन अर्गनाइजर पद फाजिल रहने तर उक्त पद खाली नहुँदा सम्म सोही कार्यालयमा कामकाज गर्ने व्यवस्था मिलाउने, पदको व्यक्ति हटेमा दरबन्दी स्वतः खारेज हुनेछ।

ईन्जिनियर

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल
स्था: २०७५

घ) यस डिभिजन कार्यालयबाट प्रदान गरिने सेवाः

- नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने, निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत सम्भार एवं व्यवस्थापन गरी सिंचाइको लागि पानी उपलब्ध गराउने ।
- कृषकहरुलाई सिंचाइ सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराउने ।
- नदी एवं खोलाहरुको कटान रोकथाम र आपतकालीन बाढी पहिरोको संरक्षण तथा न्यूनीकरण सम्बन्धी कार्य गर्ने ।
- उपभोक्ताहरु/कृषकहरुलाई नदी नियन्त्रण एवं बढी पहिरो सम्बन्धी प्राविधिक सीप र ज्ञान उपलब्ध गराउने ।
- उर्जा सम्बन्धी सेवा उपलब्ध गराउने ।

ङ) यस डिभिजन कार्यालयका शाखा र जिम्मेवार अधिकारीः

<table>
<tr><th>क्र.सं.</th><th>शाखा</th><th>जिम्मेवार व्यक्ति</th><th>जिम्मेवार अधिकारी</th></tr>
<tr><td>१</td><td>सिंचाई शाखा</td><td>ई. श्री तोयनाथ आचार्य</td><td rowspan="4">सि.डि.ई.</td></tr>
<tr><td>२</td><td>नदी व्यवस्थापन तथा उर्जा शाखा</td><td>ई. श्री प्रकाश गौतम</td></tr>
<tr><td>३</td><td>प्रशासन शाखा</td><td>सि.ए.ओ. निशा धिताल</td></tr>
<tr><td>४</td><td>आर्थिक प्रशासन शाखा</td><td>अधिकृत छैटौं श्री प्रतिमा सुवेदी</td></tr>
</table>

इन्जिनियर

## च) यस डिभिजन कार्यालयबाट प्राप्त हुने सेवाको दस्तुर र अवधिः

- सिंचाइ हुने जग्गाको हकमा प्रति हेक्टर रु ५०।- (पचास) (प्रति रोपनी रु. २.५०) का दरले हुन आउने रकमयोजनाको अनुरोध फारम सहित धरौटी राख्नु पर्नेछ ।
- सिंचाइ योजनाको कुल स्वीकृत लागत अनुमान अङ्कको ०.५ % रकम उपभोक्ताबाट सिंचित हुने क्षेत्रफलको आधारमा संकलन गरी मर्मत संभार कोष स्थापना गर्नु पर्नेछ ।

## छ) निर्णय प्रक्रिया र अधिकारी

- योजनाको ल.ई. तयार लगायत अन्य कार्यहरु प्राविधिक फाँटबाट हुने र लेखा शाखाबाट राय लिई डिभिजन प्रमुखबाट स्वीकृत हुने ।

## ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालयका कर्मचारीहरुको निर्णय उपर उजुरी सुन्ने अधिकारी डिभिजन प्रमुख ।
- डिभिजन प्रमुखको निर्णय उपर उजुरी सुन्ने अधिकारी उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा र जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू.) ।

इन्जिनियर

झ) यस डिभिजन कार्यालयबाट आ.व. २०८१/०८२ को पुस मसान्त सम्मको भौतिक तथा वित्तीय प्रगति विवरण सारांश:

ञ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण: आ.व. २०८१/०८२ को पुस मसान्त सम्म:

आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक, अर्ध-वार्षिक तथा वार्षिक प्रगति सारांश

कार्यालयको नाम: जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (व.सु.पू)

क्षेत्र: सिंचाइ र नदी नियन्त्रण


| क.सं. | कार्यक्रम/ आयोजनाको नाम | खर्च शिर्षक | कुल योजना सङ्ख्या | आ.व. २०८१/८२ को स्वीकृत बजेट | आ.व. २०८१/८२ को खर्च | दोस्रो त्रैमासिक प्रगति | | | | अर्ध-वार्षिक प्रगति | | | वार्षिक प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | खर्च | भौतिक प्रगति % | वित्तिय प्रगति % | बजेट | भौतिक प्रगति % | वित्तिय प्रगति % | भौतिक प्रगति % | वित्तीय प्रगति % |
| १ | सिंचाइ योजना निर्माण कार्यक्रम | ३११५५ | ५७ | १३१२००.०० | ३९३४.७७ | ३६२००.०० | ३९३४.७७ | ४९.७७ | १०.८६ | ५१६००.०० | ३४.९२ | ७.६२ | १५.१३ | २.८२ |
| २ | विशेष अनुदानका कार्यक्रम | ३११५४ | १ | ४५०००.०० | ३९४३.१७ | २२५००.०० | ६२.४८ | ०.०० | ०.२७ | ४५०००.०० | १०.०१ | ८.७६ | १०.०१ | ८.७६ |
| ३ | नदी नियन्त्रण कार्यक्रम | ३११५४ | १७ | ४६८००.०० | ४०३०.२१ | ७३७०.०० | ३८५२.४८ | ७४.६३ | ५२.२७ | १५०९०.०० | ३७.७८ | २६.७० | १७.८५ | ८.६१ |
| ४ | आपतकालीन बाढीपहिरो तथा जलस्रोत सम्बन्धी क्षतिग्रस्त संरचनाहरुको पुनर्स्थापना कार्य | ३११५४ | १ | ४०००.०० | ९८०.८१ | ८००.०० | ९८०.८१ | ०.०० | १२२.६० | १६००.०० | ९५.०१ | ६१.३० | ३८.०१ | २४.५२ |
| | जम्मा: | | ७६ | २३५०००.०० | १२८८८.९५ | ६६८७०.०० | ८८३०.५४ | ३५.१७ | १३.२० | ११३२९०.०० | २६.२५ | ११.३७ | १५.०८ | ५.४८ |
| | चालु (प्रदेश) जम्मा: | | | १४१००.०० | ४५३७.६२ | ३३३८.०० | १८२०.२७ | ०.०० | ५४.५३ | ७१७०.०० | ०.०० | ६३.२८ | ०.०० | ३२.१८ |
| | कुल जम्मा: | | | २४९१००.०० | १७४२६.५७ | ७०२०८.०० | १०६५०.८१ | ३५.१७ | १५.१७ | १२०४६०.०० | २६.२५ | १४.४६ | १५.०८ | ६.९९ |

इन्जिनियर

**ञ) अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:**

**ट) सार्वजनिक निकायको वेबसाईट भएको सोको विवरण:**

- **Website:** http://wriddnawalpur.gandaki.gov.np/




- **Email:** irrigation.nawalpur@gmail.com
- **Facebook Page:** Water Resources & Irr. Development Div. Office, Nawalparasi - East of Susta ***and,*** Wriddo Nawalpur



ड) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

ढ) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण:

ण) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:

त) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:

- माग बमोजिम विवरण उपलब्ध गराईएको ।

थ) संस्था दर्ता को लागि आवश्यक पर्ने कागजात

१. कृषक अनुरोध फारम ।
२. जलउपभोक्ता समिति को गठन बिधान बमोजिम कम्तिमा दुईतिहाई उपभोत्ता उपस्थिति भइ स्थानीय जनप्रतिनिधिको रोहबरमा गठन गरि उक्त गठनको निर्णय को प्रतिलिपि ।
३. पधादिकारिको नागरिकता को प्रतिलिपि ।
४. संस्था दर्ता संबन्धि वार्ड कार्यालयको प्रतिलिपि ।
५. जलउपभोक्ता समिति को बिधान (२ प्रति ) ।
६. जलउपभोक्ता समिति को निवेदन ।

इन्जिनियर

गण्डकी प्रदेश सरकार

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

# जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

| | | |
|---|---|---|
| १. | यस डिभिजन कार्यालयबाट प्रदान गरिने सेवाहरुको उद्देश्य | नवपरासी (बर्दघाट, सुस्ता पूर्व) जिल्लाको कृषियोग्य जमिनमा सिंचाइको लागि पानी उपलब्ध गराई कृषि उत्पादन बृद्धि गर्न सहयोग पुऱ्याउने साथै नदी नियन्त्रण सम्बन्धी काम गर्ने । |
| २. | सेवाको प्रकार | क. नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने, निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत सम्भार एवं व्यवस्थापन गरी सिंचाइको लागि पानी उपलब्ध गराउने ।<br>ख. कृषकहरुलाई सिंचाइ सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराउने ।<br>ग. नदी एवं खोलाहरुको कटान रोकथाम र आपतकालीन बाढी पहिरोको संरक्षण तथा न्यूनीकरण सम्बन्धी कार्य गर्ने ।<br>घ. उपभोक्ताहरुकृषकहरुलाई नदी नियन्त्रण एवं बढी पहिरो सम्बन्धी प्राविधिक सीप र ज्ञान उपलब्ध / गराउने ।<br>ङ. उर्जा सम्बन्धी सेवा उपलब्ध गराउने । |
| ३. | सेवा प्रदान गरिने क्षेत्र | नवपरासी (बर्दघाट, सुस्ता पूर्व) जिल्ला भरी । |
| ४. | सेवाको गुणस्तर | स्वीकृत नर्मस् एवं स्पेसिफिकेशनमा तोकिए अनुसार गुणस्तर कायम गरिने । |
| ५. | सूचना सम्म पहुँच | व्यक्तिगत सम्पर्क.डिभिजन कार्यालयको सूचना पाटी, सिंचाइ गतिविधि, Irrigation Newsletter, वार्षिक पुस्तिका, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा एवं जलस्रोत तथा सिंचाइ विभागको वेबसाईट आदि । |
| ६. | उजुरी गर्ने सरल प्रकृया | मौखिक तथा लिखित निवेदन दिएर । |
| ७. | समय सीमा, गुनासो सुनुवाई र समाधान व्यवस्था | गुनासोको आधारमा तुरुन्त सुनुवाई गरी समाधानको उपायको लागि यथाशिघ्र पहल गर्ने । |
| ८. | सेवाग्राही समूहहरु | सिंचाइतथा नदी नियन्त्रण जल उपभोक्ता समितिकृषक समूहहरु ।/संस्था र उपभोक्ता कृषक/ |
| ९. | संस्था दर्तानवीकरण / सम्बन्धी व्यवस्था | कसंस्थाले नयाँ दर्ता गर्दा जलस्रोत तथा सिंचाइ सम्बन्धी ऐन/जलस्रोत तथा सिंचाइ उपभोक्ता समिति .. नीति, नियम र कार्यविधि अनुसार प्रक्रिया पुरा गरी दर्ता गरिने ।<br>खदिन भित्र ९० भएको मितिलेसमाप्त .व.संस्थाले प्रत्येक आ/जलस्रोत तथा सिंचाइ उपभोक्ता समिति . संस्थाले तोकिएको प्रक्रिया पुरा गरी नवीकरण गर्नु पर्नेछ ।/उपभोक्ता समिति |
| १०. | सेवा उपलब्ध हुने प्रक्रियाहरु | क. सिंचाइ सेवा उपलब्ध गर्न चाहने उपभोक्ताहरुको माग भएपछि वा पहिचान भईसकेको योजनाहरु मध्येबाट प्राथमिकताका आधारमा प्रारम्भिक तथा विस्तृत इन्जिनियरिङ्ग अध्ययन गर्दा संभाव्य देखिएका योजनाहरुलाई स्रोतको व्यवस्था गरी निर्माण कार्य अघि बढाउने ।<br>ख नदी .नियन्त्रण सम्बन्धी सेवा लिन चाहने उपभोक्ताहरुलाई माग बमोजिम योजनाहरुको प्राथमिकताको आधारमा स्रोतको व्यवस्थापन गरी निर्माण एवं संरक्षणको काम अघि बढाउने । |
| ११. | सम्बन्धित ऐन नियमहरु | जलस्रोत ऐन र नियमावली, सिंचाइ एवं नदी नियन्त्रण सम्बन्धीनीति र नियमावली एवं कार्यविधि, सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रदेश सरकार-जलस्रोत तथा सिंचाइ योजना कार्यन्वयन कार्यविधि, २०७५ आदि । |
| १२. | सेवा बापत लाग्ने दस्तुरएवं शुल्क | क. सिंचाइ हुने जग्गाको हकमा प्रति हेक्टर रु ५०। -(पचास)(प्रति रोपनी रु५०।२ .) का दरले हुन आउने रकमयोजनाको अनुरोध फाराम सहित धरौटी राख्नु पर्नेछ ।<br>ख. सिंचाइ योजनाको कुल स्वीकृत लागत अनुमान अङ्कको ० ५.% रकम उपभोक्ताबाट सिंचित हुने क्षेत्रफलको आधारमा संकलन गरी मर्मत संभार कोष स्थापना गर्नु पर्नेछ । |
| १३. | लाग्ने समय | माग भएको सेवाको प्रकृति तथा कार्यविधि अनुसारको समय । |
| १४ | सम्पर्क राख्नु पर्ने व्यक्ति | सूचना अधिकारीः इन्जिनियर श्री तोयनाथ आचार्य,<br>मो.नं. ९८५७०८२४८७/९८४७२६९७०० |
| १५. | उजुरी गुनासो सुन्ने व्यक्ति | डिभिजन प्रमुखः<br>फोन नं .०७८-५४०४८८/०७८५४११५०-<br>e-mail: irrigation.nawalpur@gmail.com |

इन्जिनियर